म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २७२ २०८१ भदौ ९ गते आइतबार 25 August 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-




# गौरीटारमा खेलकुद संरचना निर्माण धमाधम

समाज संवाददाता

हेटौंडाः हेटौंडा-६ स्थित गौरीटार रंगशालामा पूर्वाधार निर्माणको काम धमाधम भइरहेको छ । केन्द्रीय खेलकुद प्रतिष्ठान (गौरीटार रंगशाला)मा फुटबलसँगै क्रिकेट र पौडीका पूर्वाधारहरु निर्माण अघि बढाइएको हो ।

लामो समयसम्म अलपत्र परेको उक्त रंगशालामा बागमती प्रदेश सरकारले खेल पूर्वाधार निर्माण कार्य अघि बढाएको हो । प्रदेशको गौरवको योजनाअन्तर्गत राखेर बागमती सरकारले २०७५ सालबाट खेल पूर्वाधारहरु निर्माण गरिरहेको छ ।

प्रदेश सरकारले सुरुवाती चरणमा फुटबल मैदान र एउटा प्यारापिट निर्माण अघि बढाएको थियो । फुटबल मैदान, प्यारापिट निर्माणका लागि २०७५ बाट नै बजेट विनियोजन गर्दै आएको थियो । हाल खेल्न मिल्ने मैदान र एक प्यारापिट निर्माण भइसकेको छ । उक्त मैदानका लागि प्रदेश सरकारले ३ करोड रुपैयाँ बजेट विनियोजन गरेको युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ ।

गौरीटार रंगशालाभित्रै प्रदेश सरकारले अन्तर्राष्ट्रियस्तरको पौडी पोखरी र क्रिकेट मैदान निर्माणको काम अघि बढाएको छ । २०८२ असार मसान्तभित्र सम्पन्न गर्ने गरी दुबै संरचना निर्माणको काम प्रदेश खेलकुद विकास परिषद्मार्फत अघि बढाइएको छ ।

८ करोड ६३ लाख रुपैयाँको लागतमा पौडी पोखरी निर्माण कार्य अघि बढाइएको छ । लागत अनुमानमध्ये ६ करोड १ लाख ७५ हजार रुपैयाँमा २०८० चैत ३० गते पीएम एचकेसी जेभीले ठेक्का सम्झौता गरेको छ । १५ महिनामा निर्माण सम्पन्न गर्ने गरी गत आर्थिक वर्षबाट काम अघि बढाइएको परिषदका इन्जिनियर निवेश बर्तौलाले बताउनुभयो । पोखरी निर्माणको काम २०८२ असार मसान्तसम्म सम्पन्न गरी सक्नुपर्ने उहाँको भनाइ छ । गत आर्थिक वर्षमा ३ करोड ४५ लाख रुपैयाँ बजेट विनियोजन भएकोमा ९५ प्रतिशत वित्तीय प्रगति भएको उहाँले बताउनुभयो ।

निर्माणाधीन पौडी पोखरीमा ४ सय जना क्षमताको भिआईपी प्यारापिट निर्माण हुनेछ । २५/५० मिटरको कम्पिटिसन पुल (पोखरी) र २५/१० मिटरको ट्रेनिङ पुल (पोखरी) निर्माण हुने उहाँको भनाइ छ । अन्य संरचनाहरु क्रमशः निर्माण गर्दै अघि बढ्ने योजना रहेको उहाँले बताउनुभयो ।

## ५ वटा पिचसहितको क्रिकेट मैदान

ड्रेनसहितको क्रिकेट मैदान निर्माणका लागि ११ करोड ७४ लाख रुपैयाँको लागतमा काम धमाधम भइरहेको छ । क्रिकेट मैदान निर्माणका लागि ९ करोड ४२ लाख ८२ हजार रुपैयाँमा २०८० चैत २० मा एसएनएस पीएल एचकेसी जेभीले ठेक्का सम्झौता गरेर काम गरिरहेको इन्जिनियर बर्तौलाले बताउनुभयो । गत आर्थिक वर्षमा ४ करोड रुपैयाँ बजेटबाट काम सुरु गरिएको उक्त रंगशाला निर्माणमा वित्तीय प्रगति ९५ प्रतिशत भएको उहाँले बताउनुभयो ।

इन्जिनियर बर्तौलाका अनुसार हाल ग्राउण्डको लेभलिङको काम भइरहेको र अधिकांश बजेट ग्राउण्ड निर्माणमा नै खर्च हुनेछ । ग्राउण्डको लेभलिङपछि अण्डर ग्राउण्ड ड्रेनेजको पानी पठाउन पाइप बिच्याउने काम हुनेछ भने त्यसको माथि विभिन्न लेयरमा ग्राभल, माटो बिच्याउने काम हुने उहाँले बताउनुभयो । ग्राउण्डको सबैभन्दा माथिल्लो भागमा बर्मुण्डा ग्रास रहने इन्जिनियर बर्तौलाले जानकारी दिनुभयो ।

अन्तराष्ट्रियस्तरको सो क्रिकेट मैदानमा ६ सय दर्शक क्षमताको एउटा प्यरापिटसहित ५ वटा पिच, ७० मिटर रेडिएसको ग्राउण्ड, स्कोर बोर्ड, भिभीआईपी कक्ष, खेलाडी कक्ष (प्लेयर बक्स), चेन्जिङ रुम (कपडा फेर्ने कोठा), टिभी र रेडियो ब्रोडकास्टिङ कक्ष, मिडिया कक्ष, अपांगमैत्री क्षेत्र, पार्किङलगायत संरचना निर्माण हुनेछ । त्रिकेट मैदानमा ४ वटा ब्लकमा प्यारापिट निर्माण गर्ने योजनाअनुसार डिपीआर निर्माण गरिएको र त्यसमध्ये हाल एउटा ब्लकको एक पिसको काम भइरहेको उहाँले बताउनुभयो । डिपीआर तयारीका क्रममा सबै संरचना निर्माणका लागि ७५ करोड रुपैयाँ लागत अनुमान गरिएपछि समय लम्बिँदै जाँदा १ अर्ब हाराहारीमा खर्च हुने उनको भनाइ छ ।

गोरीटारलाई केन्द्रीय खेलकुद प्रतिष्ठानका रुपमा विकास गर्ने गरी तत्कालीन समयमा राष्ट्रिय खेलकुद परिषद्ले खेलकुदका संचना निर्माणको थालनी गरेको थियो । बजेटले निरन्तरता पाउन नसक्दा १४ वर्षसम्म सो रंगशाला निर्माणले गति लिन सकेको थिएन । २८ जेठ २०६४ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले गौरीटार रंगशालाको शिलान्यास गरेका थिए । गौरीटार रंगशालामा विभिन्न १९ वटा विधाका खेलकुदसम्बन्धी संरचना निर्माण गरिने योजनाअनुसार काम सुरु गरिएको थियो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा सहभागी हुने नेपाली खेलाडीलाई बन्द प्रशिक्षणमा राख्ने उद्देश्यसहित निर्माण गर्न लागिएको यस रंगशालामा फुटबल, भलिबल, क्रिकेटका लागि खेल मैदान, स्विमिङ पुल, छात्र र छात्रा होस्टल, प्रशासनिक भवनलगायतको संरचना निर्माण गर्ने परिषद्को योजना थियो ।

देश संघीय संरचनामा गएसँगै रंगशाला निर्माणको काम प्रदेश सरकार अन्तर्गत आएपछि प्रदेश सरकारले क्रमागत बजेट विनियोजन गर्दै आएको छ । फुटबल ग्राउन्ड, रनिङ ट्र्याक सिन्थेटिक, भिआईपी प्यारापिट र लाइटिङ गरी ९० करोड रुपैयाँको लागत अनुमानसहित डीपीआर तयार पारेर काम गरिरहेको हो ।

## समयमा नै काम सक्न दवाव बढाउँछौंः मन्त्री महर्जन

प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले रंगशालाको सम्पूर्ण पूर्वाधार निर्माण तोकिएको समयमा सक्नेगरी अघि बढाउने बताउनुभयो । उहाँले समयसीमाभित्रै निर्माण कार्य सम्पन्न गर्ने पहल र निर्माण कम्पनीलाई दबाब दिने बताउनुभयो ।

मन्त्री महर्जनले समयभित्रै काम सक्न सम्झौता गरेका निर्माण कम्पनीलाई निर्देशनसमेत दिनुभएको छ । खेलकुद क्षेत्रमा हुने पूर्वाधार निर्माणको गतिरोध अन्य गर्न जरुरी रहेको उहाँले बताउनुभयो । खेलकुद पूर्वाधारमा राज्यका जिम्मेवार व्यक्तिको चासो कम पर्दा अलपत्र हुने गरेको उहाँको भनाइ छ । राज्यका निकायका कमजोरी, मन्त्रीहरुको खबरदारी नहुँदा खेलकुदका संरचना अलपत्र पर्ने गरेकाले त्यसलाई रोक्न आफूले काम गर्ने उहाँले बताउनुभयो ।

...बाँकी पृष्ठ ३ मा

# हेटौंडा-१० बालमैत्री शासनयुक्त वडा घोषणा



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१० बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको छ । शनिबार एक समारोहका बीच सोलिड्यारिटी माध्यमिक विद्यालयको सभाहलमा छैठौं वडाको रुपमा वडा नम्बर-१० लाई बालमैत्री शासनयुक्त वडा घोषणा गरिएको हो ।

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले घोषणापत्र पढ्नु हुँदै र हस्ताक्षर गरेर वडालाई निकृष्ट बालश्रममुक्त र बालविवाहमुक्त बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नुभएको हो । वडालाई बालमैत्री घोषणा गर्नका लागि आवश्यक ५१ वटा सूचकहरुमध्ये ४९ सूचकहरु शत्प्रतिशत, एउट सूचक ९५ प्रतिशत र एउटा सूचक ८१ प्रतिशत पूरा गरेको वडा अध्यक्ष फुर्वा दोर्जे लामाले बताउनुभयो ।

२०७९ सालको घरधुरी तथ्याङ्कअनुसार वडामा १८ वर्षभन्दा कम उमेर समूहका बालबालिकाको जनसंख्या एक हजार आठ सय ९५ रहेको छ । जसमा नौं सय ९३ बालक र आठ सय ९९ बालिका रहेकोमा ५२ दशमलव ६ प्रतिशत बालक र ४७ दशमलव ४ प्रतिशत बालिका वडामा रहेको वडा अध्यक्ष लामाले बताउनुभयो ।

वडामा रहेका १० वटा बाल समूह र एउटा बाल सञ्जालमा करिब दुई सय ५० जना बालबालिका र विभिन्न संरचनागत समितिहरुमा पाँच सय १३ जना बालबालिकाहरु रहेका छन् । यसअघि हेटौंडा उपमहानगरपालिकाको १, २, ७, ८ र १७ नम्बर वडा बालमैत्री वडा घोषणा भइसकेको छ । शुक्रबार हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१७ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको थियो ।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com






## सम्पादकीय

# भयावह सवारी दुर्घटना

नेपालको सडक असुरक्षित बन्दै गएको छ । सडकमा सवारी दुर्घटनाको अवस्था भयावह बन्दै गएको छ । देशभर सहज पहुँच भएको सडक यातायात क्षेत्रमा दुर्घटना बढ्दो छ । सडक यातायात अन्य सबै यातायातको प्राण हो । हवाई, रेल, जल, रोपवेजस्ता अन्य यातायात सेवालाई सडक यातायातले नै जोड्ने गर्दछ । अझ नेपालमा यातायात भन्नेवित्तिकै सडक यातायातलाई नै बुझ्ने गरिन्छ । रेल, जल, रोपवेजस्ता वैकल्पिक यातायात पूर्वाधार शून्यप्राय: रहेको र हवाई यातायात पनि सहज र सुलभ नभएकै कारण नेपालमा सडक यातायातको विकल्प सोच्न पनि सकिँदैन । देश संघीयतामा गएपछि संघ, प्रदेश र स्थानीय तीनवटै तहको सरकारले सडक पूर्वाधार विकासमा जोड दिँदै आएका छन् । जसरी सडक निर्माणलाई प्राथमिकता दिइएको छ, त्यसको तुलनामा सडकको गुणस्तर र सुरक्षामा भने पर्याप्त ध्यान पुग्न सकेको पाइँदैन ।

शुक्रबारमात्रै पृथ्वी राजमार्गको आँबुखैरेनी नजिक यात्रुवाहक बस मर्स्याङ्दी नदीमा खसेर दुर्घटना हुँदा २७ जना भारतीय नागरिकको ज्यान गएको छ । भारतीय बसमा भैरहवाबाट पोखरा हुँदै काठमाडौं आएका भारतीय तीर्थयात्री बोकेको बस शुक्रबार अपराह्न मुग्लिन–आँबुखैरेनी सडकखण्डको ऐना पहरानजिक सडकबाट मर्स्याङ्दी नदी किनारमा खसेको हो । दुर्घटनामा गम्भीर घाइते भएका १६ जनाको काठमाडौंमा उपचार भइरहेको छ । भारतको चारधामको तीर्थयात्रा गरेर नेपालको पशुपतिनाथ दर्शनका २ वटा बसमा भारतीय पर्यटक आएकामा एउटा वस दुर्घटना भएको हो । भारतको महाराष्ट्रदेखि इलाहबाद हुँदै चारधाम तीर्थयात्रा र नेपालको भ्रमण गरेर फर्किने योजनासहित नेपाल छिरेको भारतीय बस दुर्घटना भएर २७ जनाको ज्यान गएपछि भारतका सरकारले विशेष चासो देखाएको थियो । घाइते १६ जनालाई उपचारका नेपाली सेनाको हेलिकप्टरबाट शिक्षण अस्पताल काठमाडौं लगिएको थियो भने घाइतेको अवस्था बुझ्न र शव लिन भारतले मन्त्रीलाई पठाएको छ । घाइते भएका आफ्ना नागरिकलाई भेट्न र शव लिन भारतकी युवा तथा खेलकुद राज्यमन्त्री रक्षा खडेस नेपाल आएकी हुन् । भारतीय सेनाको विशेष विमानले भरतपुरबाट मृतकको शव शनिबार लगेको छ ।

नेपालमा दिनहुँ विभिन्न प्रकारका सवारी दुर्घटनाको खबर सञ्चार माध्यमबाट सुन्न, देख्न र पढ्न पाइन्छ । सवारी दुर्घटनासम्बन्धी नेपाल प्रहरीको पछिल्लो १५ वर्षको तथ्यांकले देशभर ३ लाख १६ हजार २१२ सवारी साधन दुर्घटना भएको देखाउँछ । यस आधारमा दैनिक औसत ५५ सवारी दुर्घटना हुने गरेका छन् । उक्त अवधिमा सवारी दुर्घटनाबाट करिब ३३ हजार जनाको मृत्यु भएको छ भने ७२ हजार जना गम्भीर घाइते भएका छन् । दुर्घटनाको तथ्यांक विश्लेषण गर्दा पछिल्लो समय दैनिक औसत ७० वटा सवारी साधन दुर्घटना हुने र औसतमा दैनिक ८ जनाले ज्यान गुमाउने गरेका छन् । नेपालमा प्राकृतिक र मानव सिर्जित सबै प्रकारका प्रकोपबाट ज्यान गुमाउनेको संख्याभन्दा सडक सवारी दुर्घटनाबाट ज्यान गुमाउनेको संख्या बढी छ ।

सवारी दुर्घटना शून्यमा झार्न नसकिए पनि न्यूनीकरण गर्न सकिन्छ र गर्नु पनि पर्छ । संयुक्त राष्ट्रसंघले सन् २०११ देखि २०२० लाई सडक दुर्घटनाबाट हुने मृत्यु र घाइते दर घटाउने दशकका रुपमा मनाउने प्रस्तावलाई नेपालले अनुमोदन गर्दै सन् २०२० भित्रमा ५० प्रतिशतले सडक दुर्घटनाबाट हुने मृत्यु र घाइते दर घटाउने प्रतिबद्धता गरेर सडक सुरक्षा कार्ययोजना लागू गरे पनि दुर्घटना र मृत्यु तथा घाइतेको संख्या भने बढ्दै गएको छ । २०२० फेब्रुअरीमा सडक सुरक्षासम्बन्धी स्वीडेनको स्टकहोममा भएको तेस्रो विश्व मन्त्रीस्तरीय सम्मेलनमा पुन: नेपालले सडक दुर्घटनाबाट मृत्यु र घाइते दर सन् २०३० सम्ममा ५० प्रतिशत र सन् २०५० सम्ममा शून्यमा झार्ने प्रतिबद्धता गरेको भए पनि सवारी दुर्घटनाको अवस्था भयावह बनिरहको छ । साँघुरो र अवैज्ञानिक सडकसँगै सवारी नियमन फितलो हुँदा वर्षेनि दुर्घटना बढ्दै गएको भए पनि यसतर्फ सरकारको पर्याप्त ध्यान पुग्न सकेको छैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : परिबन्ध र बाध्यताका काममा सरिक भइएला । |
| वृष | : राज्यपक्षबाट लाभ र काममा सफलता प्राप्त । |
| मिथुन | : प्रतिष्ठा र सम्मान वृद्धि हुने समय योग छ । |
| कर्कट | : नियम र अनुशासनलाई पालना गर्दा राम्रो रहन्छ । |
| सिंह | : दुराशा र महत्वकांक्षा त्याग गर्दा राम्रो रहनेछ । |
| कन्या | : मित्रता र सुख प्राप्तिको समय योग रहेको छ । |
| तुला | : साहसी काममा समय व्यतित हुने समय योग छ । |
| वृश्चिक | : प्राविधिक एवं सीपमूलक काममा समय बित्ला । |
| धनु | : शरीर स्वस्थ रहेपनि चिन्ता बढ्ने समय योग छ । |
| मकर | : पराक्रम र उत्साहमा वृद्धि हुने समय योग छ । |
| कुम्भ | : कला र साहित्यिक क्रियाकलापमा मन जाला । |
| मीन | : नयाँ उत्साह उमङ्ग बढ्ने समय योग छ । |

# द्वन्द्व नभएको ठाउँ/युद्ध नलडेको देश कहाँ छ...?



बिशभ अधिकारी

जनताका लागि जनताले जनतामाथि गरिने शासन हो प्रजातन्त्र । प्रजातान्त्रिक व्यवस्थामा दलहरुको उपस्थिति र भूमिका सर्वोपरि हुन्छ । प्रजातन्त्रमा जनताले स्वतन्त्रता वा राजनीतिक अधिकार त प्राप्त गर्छन् तर त्यो मात्र पर्याप्त हुँदैन । जनजीविकाको सुनिश्चतता, सामाजिक, साँस्कृतिक, आर्थिक समानता प्रजातन्त्रसँग जोडिएको अर्को महत्वपूर्ण विषय हो । प्रजातन्त्र भन्ने तर डेलिभरि दिन नसक्ने, सुशासनको सर्वथा अभाव रहने, भष्टाचारको चाङमाथि बसेर शासन गर्न थालियो भने त्यो जनताका लागि जनतामाथि जनताले गर्ने शासन हुँदैन । त्यस्तै हामीकहाँ प्रजातन्त्र/लोकतन्त्रले अबम्वलन गरेको बेथिति, विकृति, दूराचार अनुत्तरदायी कार्यले प्रजातन्त्रको मूल्य र मान्यतालाई धज्जी उडाउने काम गरेको छ ।

लामो समयदेखि हाम्रो व्यवस्थामा पुरानो पुस्ताको पकड छ । यि नयाँ पुस्तालाई हत्पती स्पेस दिन चाहँदैन । युवालाई प्रतिस्पर्धामा आउनै नदिनु, युवा पुस्तालाई नेतृत्वबाट अझ, राजनीतिबाट अलग राख्न खोज्ने प्रवृत्ति सर्वथा अनुचित छ । पञ्चायतमा पनि मौलिक प्रजातन्त्र छ भन्नेहरु थिए । तर संविधानतः दलहरु प्रतिबन्धित थिए । पञ्चायत ढल्यो, दलहरू फुकुवा भए तर दलीय निरंकुशता कायम रह्यो । अहिले नयाँ विचार र नयाँ पुस्तालाई दलकै मठाधीशहरुले राजनीतिको मूल प्रवाहमा समाहित गर्न निषेध गरेका छन् । आफ्नो अकर्मण्यता र असक्षमता छोप्न नेतृत्वमा रहने शिर्ष नेताहरुले अपवित्र ढंगको घेराबन्दी र सिन्डिकेट चलाइरहेका छन् । गगन थापा भन्दै थिए देशलाई शेरबहादुर, केपी, प्रचण्डहरुले क्लब बनाए । दुई दशक भन्दा बढि यिनकै पेरिफेरीमा देश बन्धक छ । यि त्रय नेताको स्वेच्छाचारिताले पराकाष्ठा नाघिसक्यो । यि त्रयनेताको निरंकूशता जसलाई तोड्न प्रजातन्त्ररुपी हतियार पनि भुत्ते सावित हुँदैछ । प्रजातन्त्रको विकल्प नेतातन्त्र वा दलीय निरंकुशता किमार्थ होईन न त कुनै सिन्डिकेट वा निषेधको राजनीति हो ।

खुल्ला समाजमा क्षमता र योग्यता भएकाहरुलाई लामो समय निषेध वा भूमिकाबिहिन बनाएर राख्न सकिँदैन । समय र जनताको चेतनाले क्रमशः ति न्याय सत्यलाई पछ्याउँछ नै । मलेसिया बनाउने महाथिर बिन महोमद जसलाई आधुनिक मलेसियाको पिता मानिन्थ्यो । उहाँ मृत्यु नआएसम्मको सक्रियताको कुरा गर्नुहुन्थ्यो । तर उहाँको ५३ वर्षको शासन भर्खरै सम्पन्न निर्वाचनमा जमानत जफत हुँदै समाप्त भयो । कुनै समय विंस्टन चर्चिल ८० वर्षको हुँदा आफुमा अझै काम गर्न सक्ने क्षमता र फूर्ति भएको दाबी गर्नुहुन्थ्यो तर जब उहाँलाई आफ्नै तस्बीर उपहार दिइयो तब उहाँले आफुलाई त्यो तस्बीरमा हेर्दा आफु बुढा, कमजोर र वृद्ध भएको महसुस गर्नुभयो । अब उमेरले पनि नेटो काटेछ भन्ने आत्मबोध भएर राजनीतिबाट सन्यास लिनुभयो र प्रधानमन्त्री पद छाड्नुभयो । अमेरिकी नेतृ तथा पूर्व सभामुख नैन्सी पेलोसीले अब नयाँ पुस्तालाई मौका दिनुपर्ने समय आएकोले आफ्नो ३५ वर्षको राजनीतिक जीवनको यात्राको अन्त्यको घोषणा गर्नुहुँदै आफु अब आउने चुनाव नलड्ने घोषणा गर्नुभयो । हामीकहाँ राजनीतिमा ग्रेसफुल एक्जिट गर्ने कल्चर छैन । त्यसैले अब चर्चिल र महाथिरलाई हटाए जसरी जनताले नै अहिले देखिएको नेतृत्वलाई हटाउनु पर्ने जरुरी देखिन्छ ।

हामीले के कुरा कहिल्यै नबिर्सियौं कि हिटलरले जर्मनीमा गरेका सबै कुरा पनि कानूनी थियो । राणाकालीन समयमा दरबारको पटाङ्गिनी बसेर जे लेखिन्थ्यो त्यही कानुन हुन्थ्यो । वर्णवादी व्यवस्था हुँदा दलितहरुलाई मन्दिर भित्र प्रवेश निषेध थियो त्यो बेला त्यही कानुनसम्मत थियो । तर हिंसा भनेको बन्दुक उठाएर कसैलाई मार्नु मात्र होईन ईतिहास र वर्तमानमा भएको निषेध पनि हिंसा हो । हिजो ती कुराहरु विभेदकारी थिए भन्ने अहिले प्रजातन्त्रको नाममा गरिएको निषेध विभेदकारी छ ।

अब्राहम लिंकन अमेरिकी गोराहरुको दासत्वबाट अश्वेत दासलाई मुक्ति दिन चाहनुहुन्थ्यो । उहाँको घोषणापत्र तयार थियो, तर उहाँका नातेदारले विरोध गरे दासप्रथा उन्मुलनको । उहाँले भन्नुभयो, "मेरो ज्यान जान्छ भने जावस तर म अमानवीय प्रथा मान्न सक्तिन ।" नेतामा विवेक हुन्छ । जब मानिस बुद्धि भन्दा पर गएर विचार गर्छ, उसले विवेक बोकेको हुन्छ । नेल्सन मण्डेलालाई मार्ने प्रयास भइरह्यो । उहाँले भन्नुभयो, "मलाई पनि क्रिस हानीलाई मारेजस्तै मार्छन्, तर पनि म नस्लवादका विरुद्ध लड्छु र दक्षिण अफ्रीकालाई मुक्त गर्छु ।" कलकत्तामा हिन्दु र मुसलमानका बीचमा दंगा भयो । महात्मा गान्धी लठ्ठी टेकेर कलकत्ताका सडकमा रहनुभयो । नेपालको स्वाधीनता खतरामा थियो, बिपि कोइराला नेपाल आएर पक्राउ पर्नुभयो । देशभक्ति निरंकुश दमनबाट डराएनन् । मनमोहन घाइते हुनुभयो । तर पनि संसदलाई आफ्नो जवाफ दिएरै पद छाड्नुभयो ।

विभिन्न देशमा राष्ट्र निर्माताका रुपमा फ्रान्सका नेपोलियन बोनापार्ट, इटालीका जुसेप गरिबाल्डी, अमेरिकाका जर्ज वासिङ्टन, जर्मनीका विस्मार्क जस्तै नेपाल एकीकरणमा पृथ्वीनारायण शाहको अतूलनीय योगदान रहेको छ । उहाँले राष्ट्रको निर्माणमात्रै गर्नुभएन साम्राज्यवादका विरुद्ध लड्न सक्ने तागत नेपालसँग पनि छ भन्ने सन्देश त्यो बेलामा ब्रिटिसहरुलाई दिनुभयो । उहाँ आफैंले पनि, पहिले सदियौंदेखि रहेका काठमाडौंका संस्कृति, शिक्षा, देवस्थल, मठमन्दिर, कलाकौशल, पाटीपौवा आदिलाई पृथ्वीनारायण शाहले कहिल्यै भत्काउन दिनुभएन । दमन वा संहार गर्नुभएन । बरु संरक्षणमा पूरापूर ध्यान दिनुभएको पाइन्छ । अफगानिस्तानमा तालिवानीहरुले विश्वकै पुरातात्विक महत्वका बुद्ध मूर्तिहरुलाई बमले उडाइदिएका थिए । जुन व्यक्ति आफैले कहिले पनि कसैको कला, संस्कृति वा मूर्तिमाथि आक्रमण गरेनन् आज त्यस्तो महान व्यक्तिको सालिक भत्काउनु लज्जाजनक बिषय हो ।

राजनीतिक रुपमा राजाको शासनको विषयमा विमति हुन सक्छ तर राष्ट्रनिर्माताको विषयमा कसरी बिमति हुनसक्छ ? के त्यो बेला नेपालमा मात्र काटमार भएको हो ? इतिहासको विश्लेषण समय, भुगोल, देश, काल र परिस्थिति अनुसार गर्नुपर्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरणको थालनी गर्नुहुँदा मार्क्सवादको त कुरै छोडिदिउँ युरोपमा भर्खरै पुँजिवादी विचार मौलाउन थालेको थियो । फ्रान्समा लुईहरू सम्राटका रूपमा थिए, शक्तिशाली अमेरिका इङ्गल्याण्ड सम्राटको उपनिवेश थियो । एसिया, अफ्रिका, अमेरिका महाद्विपमा युरोपका शक्तिशाली देशहरु साम्राज्यको विस्तार गर्दै लडाइँबाट जनतामा काटमार मचाएर आफु अधिनस्थ बनाइरहेको परिस्थितिमा के पृथ्वीनारायण शाहको एकीकरण बिना बलको प्रयोग सम्भव थियो ? संसारका देशहरुको निर्माण अघिकांशरुपमा लडाइँहरुकै माध्यमबाट भएको छ । द्वन्द्व नभएको ठाउँ र युद्ध नलडेको देश कहाँ छ ? चीन, भारत, रुस र अमेरिका मात्र होइन जर्मनी, ईटली, स्पेन र इंग्ल्याण्ड युद्धकै क्रममा एकीकृत राष्ट्र भएका थिए । अनि यो काटमार, हत्या र हिंसाबाट राज्य बिस्तार भएको अवस्थामा नेपाल मात्रै कसरी अपवाद बन्न सक्छ ? त्यसैले ईतिहासको समीक्षा गर्दा तत्कालिन परिस्थिति अनुरुप गर्दा उचित हुन्छ । पृथ्वीनारायण माथि आरोप लगाउनेहरूले ईतिहासको परिवेश बुझ्न जरुरी छ । किन कि आम्बेडकरले भनेका छन् ईतिहास बिर्सनेले कहिले ईतिहास रच्दैन । त्यसैले राष्ट्र निर्माताप्रति समान गरौं । किन कि जब नेपाल भन्ने सार्वभौम, स्वतन्त्र, अखण्ड देशको कुरा आउँछ, देशको स्वाभिमान र पहिचानको कुरा आउँछ । त्यो बेलामा बडा महाराजाधिराज पृथ्वीनारायण शाहकै नाम अग्रपङ्क्तिमा आउँछ । सिङ्गो नेपालको एकीकरण, राष्ट्रिय एकता र आज हामी नेपाली हुनुको गौरवमा उहाँको योगदान अतुलनीय छ ।

वास्तवमा परिवर्तन ल्याउन ठुला-ठुला घटना वा आधारस्तम्भ चाहिँदैन । संसारका उदाहरणहरूले भन्छन् चिनिया जनक्रान्ति एउटा तरकारी किन्नेले तरकारी बेच्नेलाई गरेको अपमानबाट प्रारम्भ भयो, बोल्सेभिक क्रान्ति अहिले नेपालमा भएको जस्तै लुट, भ्रष्टाचार र तत्कालीन सरकारको असक्षमताले सुरुवात भयो भन्ने फ्रान्समा सीमित व्यक्तिहरूले शक्ति आफ्नो हितमा मात्र प्रयोग गरेपछि भयो । नेपालमा बिद्रोहका लागि ठुलो आधार चाहिँदैन ।

माओवादी बिद्रोह संसदीय व्यवस्था बेठिक भनेर गरिएको थियो । गणतन्त्रले डेलिभरि दिन नसक्दा यो व्यवस्थाप्रति जनतामा चरम जनआक्रोश छ । जननिराशा भुसको आगो जस्तो सल्कँदैछ । तसर्थ यो निराशालाई चिर्दै सम्भावित बिद्रोहलाई सामना गर्ने हो भने शासकहरुले मुलुकबासीलाई वास्तविकतामै विकास सम्भव छ, विदेशीको चलखेल र हस्तक्षेप बिना पनि हामी चल्न सक्छौं । स्वाधिन राष्ट्र बनाउन सक्छौं भन्ने वातावरण निर्माण गर्नु पर्छ । अन्यथा बिद्रोह जनताको अधिकार हो ।

अस्तू ।

# एआई, डिजिटल तानाशाह र वैश्विक चुनौति



सन्तोष पौडेल

के तपाईंले संसारको भविष्य बारे सोच्नु भएको छ ? सुचना प्रविधि र जैविक प्रविधिको सम्मेलन, जलवायु परिवर्तनसँगै राजनीतिक, सामाजिक, आर्थिक क्षेत्रमा कस्ता सम्भावना र चुनौति आउँदैछन् ? सामान्यता यस्ता विषयहरु आम जनताको चासो र प्राथमिकता भित्र पर्दैन । आम मान्छेहरु जिन्दगीको भागदौडमा यति ब्यस्त छौं कि हामीहरुको आफ्नै संसार छ । दैनिक आवश्यकताको परिपूर्ति, घर, परिवार, आफन्तको दायरा, सुखद् भविष्यको सुनिश्चितताका लागि हामीले सोच्नुपर्ने र गर्नुपर्ने कामहरु आज अहिल्यै

## पुस्तक विमर्श

गरिसक्नुपर्ने खालका छन् । यि कामहरु नहुँदा नगर्दा हाम्रो पारिवारिक अमनचयन खल्बलिन सक्छ । हाम्रो 'संसार' मा समस्या आउन सक्छ । त्यसो त हाम्रो दैनिकीका उल्झनहरु एकल वा केहि सदस्यको प्रयासबाट पुरा गर्न सकिन्छ तर माथि उल्लेखित विषयहरुका लागि धेरै जनाको सुविचारित नेतृत्व, सहभागिता र बृहत प्रतिबद्धता हुनुपर्छ । त्यसैले होला, हामीले यो विषयमा चिन्ता र चिन्तन गर्ने जिम्मा राजनीतिक नेतृत्वलाई सुम्पिएका छौं । के माथि उल्लेख गरिएका चुनौति समाधानका लागि आजको नेतृत्व सक्षम छ ? यस्तै वैश्विक मुद्दा माथि ईतिहास विषयमा अक्फोर्ड विश्वविद्यालयबाट विद्यावारिधि गरेका हिब्रु विश्वविद्यालय, जेरुसलमका प्राध्यापक, इजरायली लेखक युभल नोहा हरारीले "ट्वान्टि वान् लेसन्स् फर दि ट्वान्टि फस्ट सेन्चुरी" पुस्तकमा चर्चा गरेका छन् ।

पुस्तकको परिचय खण्डमै लेखकले स्पष्ट पारेका छन्, "यो पुस्तक वर्तमान सन्दर्भ र मानव समाजको निकट भविष्यमा केन्द्रित हुनेछ । आज के भइरहेको छ ? आजका प्रमुख चुनौति छनौटहरु के-के हुन् ? हामीले के कुरामा ध्यान दिनुपर्छ ? र, हामीले हाम्रो बालबालिकालाई के कुरा सिकाउनु पर्दछ ?" पुस्तकले यिनै विषयलाई जोड दिएको छ । मुम्बईको गरिब बस्तीमा आफ्ना दुई बच्चा हुर्काउन संघर्षरत एकल महिला अर्को छाक जुटाउन केन्द्रित हुन्छिन् । भुमध्यसागरको बीचमा डुंगा खियाइरहेको शरणार्थी क्षितिजमा कुनै जमिनको संकेत खोज्छ, अति व्यस्त लण्डन हस्पिटलमा मृत्यु शैयामा रहेको मान्छे बाँकी रहेको सारा उर्जा थप एक फेरो सास लिन जुटाउँछ । विश्व तापमान वृद्धि र उदार प्रजातन्त्रका चुनौति भन्दा यि सबैसँग तत्कालको अति महत्वपूर्ण समस्या छन् । ति सबैलाई कुनै पनि पुस्तकले न्याय गर्न सक्दैन र त्यस्तो अवस्थामा उनीहरुलाई पढाउने कुनै पाठहरु मसँग छैनन् । म उनीहरुबाट सिक्ने मात्र आशा गर्न सक्छु, लेखक आफ्नो सीमितता प्रष्ट पार्छन् ।

मानिसले तथ्य र अंकमा भन्दा कथामा सोच्छ । कथा जति सजिलो भयो, त्यति राम्रो, हरारी भन्छन्, त्यसैले प्रत्येक देशको कथा र मिथकहरु छन् । बीसौं शताब्दीसँगै विश्वका कुलिनहरुले न्युयोर्क, लण्डन, बर्लिन र मस्कोमा तीन भव्य कथा बनाएर दावी गरे, यसैबाट पूरै ईतिहासको व्याख्या र समग्र विश्वको भविष्यको अनुमान गर्न सकिन्छ । ति कथाहरु हुन्, फाँसीवाद, साम्यवाद र उदारवादको कथा । दोश्रो विश्वयुद्धले फाँसीवादको कथालाई समाप्त गर्‍यो भने सन् १९४० देखि १९८० सम्म विश्व साम्यवाद र उदारवादको रणमैदान बन्यो । बीसौं शताब्दीको अन्त्यसँगै फाँसीवाद, कम्युनिज्म माथि उदारवादले विजय प्राप्त गर्‍यो । त्यसपछि साम्यवादी कथा समाप्त भयो र उदारवाद मानवको ईतिहास र भविष्यको मार्गदर्शन गर्ने स्थानमा आईपुग्यो । तर, फाँसीवाद र साम्यवादको अन्त्यसँगै ईतिहासले अनपेक्षित मोड लिएको छ, हरारी भन्छन्, "उदारवाद

...बाँकी पृष्ठ ३ मा

# मावित्तरीय हाजिरीजवाफ प्रतियोगितामा ज्योति मावि प्रथम

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रका सामुदायिक माविस्तरीय विद्यालयहरुबीच भएको हाजिरीजवाफ प्रतियोगितामा हेटौंडा-१८ स्थित ज्योति मावि प्रथम भएको छ। शुक्रबार हेटौंडा-१६ स्थित जनप्रिय माविमा नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाले आयोजना गरेको प्रतियोगितामा ज्योति मावि प्रथम भएको हो ।

प्रतियोगितामा हेटौंडा-१७ स्थित बालबोध मावि द्वितीय र हेटौंडा-१६ स्थित जनप्रिय मावि तृतीय भएको छ । प्रथम हुने ज्योति माविको समुहमा सलिना सुवेदी, प्रशान्त गोले र समिप घिमिरे थिए । यस्तै द्वितीय हुने बालबोधको समुहमा श्रृष्टि भुजेल, स्मृति तिमल्सिना र सक्रिना पुडासैनी थिए भने तृतीय हुने जनप्रियको समुहमा एरिना चौलागाई, कौस्तुभ सुवेदी र रामकृष्ण आचार्य रहेका थिए । प्रथम, द्वितीय र तृतीय हुने समुहलाई क्रमशः ७ हजार रुपैयाँ, ५ हजार र ३ हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको छ ।

नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाका अध्यक्ष भोगेन्द्र लुइटेलका अनुसार प्रतियोगितामा नगरभित्रका २८ वटा सामुदायिक माविमध्ये २१ वटाको सहभागिता रहेको थियो । समितिले केही समयभित्र शिक्षक र विद्यार्थी खेलकुद प्रतियोगिता आयोजना गर्ने तयारी गरिरहेको उहाँले बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिकाको सामाजिक विकास समितिका संयोजक एवम् हेटौंडा-१६ का वडाध्यक्ष रामकृष्ण कोइरालाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखा प्रमुख सीताराम कोइराला, जनप्रिय मावि व्यवस्थापन समितिका अध्यक्ष मोहन बास्ताकोटी र प्रधानाध्यापक भुपेन्द्र चौलागाईं लगायतको आतिथ्य रहेको थियो ।

## एआई डिजिटल...

यतिबेला यथास्थितिमा छ ।" त्यसो भए हामी कता जाँदैछौं त ? यो प्रश्न महत्वपूर्ण छ किनकी सुचना प्रविधि र जैविक प्रविधिले मानव जातिले कहिल्यै सामना नगरेको चुनौति ल्याएको छ। ईन्फोटेक र बायोटेकको सम्मिलनले मानिसहरुलाई श्रम बजारबाट विस्थापित गर्नुका साथै स्वतन्त्रता र समानताको मुद्दालाई समेत ओझेलमा पार्न सक्छ। डेटा अल्गोरिद्मले डिजिटल तानाशाह सिर्जना गर्न सक्छ । जस्ले गर्दा सीमित कुलिनहरुको हातमा शक्ति केन्द्रिकृत हुन्छ। मान्छेहरु शोषणबाट पीडित हुने होईन कि त्यसभन्दा पनि दूरावस्था अर्थात् मान्छेहरु श्रमबजारका लागि असान्दर्भिक बन्न सक्छन् ।

सन् २०५० मा श्रमबजार कस्तो होला, हामीलाई थाहा छैन । मानवसँग शारीरिक र संज्ञात्मक गरी दुईवटा क्षमता छ। विगतमा मेसिनले मान्छेसँग शारीरिक सक्षमतमा मात्र प्रतिस्पर्धा गरेको थियो । जब कृषि र उद्योगमा स्वचालित प्रणाली आयो, नयाँ सेवा क्षेत्रको पनि उदय भयो जहाँ संज्ञानात्मक क्षमता चाहिन्थ्यो । सिकाई, विश्लेषण, संचार, संवेदना बुझ्ने लगायतका क्षमता मानवमा मात्र निहित छ तर कृत्रिम वौद्धिकता (एआई) को विकासले यसमा पनि चुनौति थपिएको छ। पछिल्लो दशकमा न्यूरो साईन्स र व्यवहारिक अर्थशास्त्रको अध्ययनबाट मानिसको मस्तिष्क ह्याक गर्न र विशेषगरी मानिसले कसरी निर्णय गर्छ भन्ने बुझ्न सहयोग मिलेको छ । यसबाट मानिसले आफ्नो खानादेखि साथीसम्मको छनौट कुनै अदृश्य ईच्छाको परिणाम होईन की खर्बौं न्युरोनहरुले सेकेन्ड भन्दा कम समयमा गर्ने संभावनाको जोड घटाउबाट निर्धारित हुन्छ भन्ने थाहा भएको छ ।

मानव संवेदना, आकांक्षा र छनौटमा बायोकेमिकल प्रणाली जति राम्रोसँग बुझ्न सक्छौं, त्यति नै कम्प्युटरले मानव व्यवहार र निर्णयको अनुमान गर्न सक्छ । लेखक थप्छन्, "उदार राजनीतिक प्रणालीले औद्योगिककालमा आकार ग्रहण गरेको थियो तर जैविक प्रविधि र सुचना प्रविधिमा आउँदै गरेको यस क्रान्तिलाई व्यवस्थापन गर्न समस्या छ किनकी राजनीतिकर्मी र मतदाता दुबैलाई यो कुरा बुझ्न गाह्रो छ।" अहिल्यै नै कम्प्युटरले वित्तीय प्रणालीलाई जटिल बनाएको छ। जब आर्टिफिसियल ईन्टिलिजेन्स (कृत्रिम वौद्धिकता) विकसित हुन्छ, हामी त्यस्तो बिन्दुमा पुग्न सक्छौं, जहाँ कुनै व्यक्तिले वित्तीय प्रणाली बोध गर्न सक्दैनन् । पैसालाई काम नलाग्ने बनाउनु भन्दा पहिले नै के राजनीतिक प्रणालीले यो समस्याको व्यवस्थापन गर्न सक्छ ? उनी प्रश्न गर्छन् ।

हामी यतिबेला दुईवटा क्रान्तिको संगममा छौं । एकातिर जीवशास्त्रीहरुले मान्छेको शरीर, विशेषगरी संवेदना र मस्तिष्कको रहस्यहरु पत्ता लगाइरहेका छन् भने अर्कोतिर कम्प्युटर वैज्ञानिकहरुले हामीलाई अभूतपूर्व तथ्याङ्क प्रशोधनको शक्ति दिइरहेका छन्। जब जैविक प्रविधि, सुचना प्रविधिसँग सम्मिलित हुन्छ, यसले ठुला डेटा अल्गोरिद्म उत्पादन गर्छ जसले व्यक्तिको अनुभुति स्वयम्ले भन्दा पनि राम्रोसँग हेर्न र बुझ्न सक्नेछ। यसबाट शक्ति सम्भवतः मान्छेबाट कम्प्युटरमा सिफ्ट हुनेछ, हरारी थप लेख्छन्, "पछिल्ला दशकमा विश्वव्यापीकरण र प्रविधिका कारण मानव समाज समानताको मार्गमा पुग्छ भनिएको छ तर २१ औं शताब्दीले धेरै असमान समाज निर्माण गर्न सक्छ । विश्वव्यापीकरणबाट सीमित वर्ग मात्र लाभान्वित भए जस्तै एआईको विकास र त्यसबाट प्राप्त हुन सक्ने लाभ पनि आर्थिक हैसियत अनुसार हुनेछ ।" जीवनको विस्तार, शारीरिक वा संज्ञानात्मक क्षमता विकास गर्न महंगो मुल्य चुकाउनुपर्ने छ, जसले गर्दा जैविकरुपमा नै मानिस दुई वर्गमा विभाजित हुनसक्छ । किनकी यि दुईको क्रान्तिले अर्थतन्त्र र समाजको मात्र पुनर्संरचना गर्ने होईन, यसले हाम्रो शरीर र दिमागलाई नै पुनर्संरचना गर्न सक्छ ।

आजसम्म मानिसले आफु भन्दा बाहिरको दुनियाँलाई नियन्त्रण गर्न सिकेको छ । हामीले कसरी ड्याम बनाएर बगिरहेको नदीलाई रोक्ने भन्ने जानेका छौं । तर हाम्रो शरीरलाई बुढ्यौलीबाट कसरी रोक्ने थाहा छैन। हामीलाई सिंचाई प्रणाली कसरी डिजाईन गर्ने थाहा भयो तर मस्तिष्कलाई कसरी डिजाईन गर्ने थाहा छैन । हरारी लामखुट्टेको सन्दर्भ निकाल्छन्, "यदि लामखुट्टे हाम्रो कानमा भुन्भुनायो र निन्द्रामा समस्या भयो भने त्यसलाई कसरी मार्ने थाहा छ तर खराब विचारहरु हाम्रो दिमागमा भुन्भुनायो र निदाउन सकिएन भने यस्ता विचारलाई कसरी मार्ने वा हटाउने थाहा छैन ।" जैविक प्रविधि र सुचना प्रविधिको क्रान्तिले हामीलाई आफु भित्रको दुनियाँ नियन्त्रण गर्न सक्ने बनाउनेछ। हामीले मस्तिष्कको डिजाईन गर्न, जीवनलाई लम्ब्याउन र आफ्नो इच्छाअनुसार विचारहरुलाई राख्न वा हटाउन हटाउन सक्नेछौं ।

त्यसैले अब ज्ञान र शक्तिको मानक फेरिनेछ । यि दुई क्रान्तिसँग तादात्म्यता मिलाउन राजनीतिले फरक संघर्षको बाटो रोज्नुपर्दछ । प्राचिन समयमा जमिन महत्वपूर्ण सम्पत्ति मानिन्थ्यो । त्यसैले राजनीति जमिनलाई नियन्त्रण लिन केन्द्रित थियो । जब केहि ब्यक्तिमा धेरै जमिन केन्द्रित भयो, समाज सम्भ्रान्त र सर्वसाधारण वर्गमा विभाजित भयो आधुनिक युगमा मेसिन र उद्योग जमिन भन्दा महत्वपूर्ण भए । त्यसैले राजनीति उत्पादनका महत्वपूर्ण साधन नियन्त्रणमा केन्द्रित भयो। धेरै मेसिनहरु केहि ब्यक्तिको नियन्त्रणमा हुँदा समाज पुँजीवादी र सर्वहारा वर्गमा विभाजित भयो। एक्काईसौं शताब्दिमा डेटाले जमिन र मेसिन दुबैको महत्वलाई छाँयामा पार्नेछ । त्यसैले राजनीति डेटाको प्रवाहलाई नियन्त्रणमा लिन संघर्षरत हुनेछ । यदि डेटा केहि ब्यक्तिको हातमा केन्द्रित भयो भने मानवजाति फेरी पनि नयाँ आधारमा विभाजित हुनेछ। गुगल, फेसबुक लगायतबाट डेटालाई नियन्त्रणमा लिने काम सुरु भैसकेको छ। "अहिले उनीहरु निशुल्क सुचना, सेवा र मनोरञ्जन दिएर हाम्रो ध्यान खिचिरहेछन्। पछि हाम्रो रुचि पत्ता लगाएर उनीहरु विज्ञापनदातालाई यो डेटाहरु विक्रि गर्छन्। हामी उनीहरुको ग्राहक होइन, उत्पादन हुनेछौं", हरारी लेख्छन् ।

पुराना कथाहरु धुजा परेको तर त्यसलाई विस्थापित गर्न नयाँ कथाहरु तयार नभएको यस्तो अनपेक्षित र अभूतपूर्व विश्वमा हामी बालबालिकालाई भोलिका लागि कसरी तयार गर्न सक्छौं ? यस सम्बन्धमा पनि हरारीले आफ्नो दृष्टिकोण अघि सारेका छन् । विज्ञहरुले अबको विद्यालयहरुले ४ 'सी' अर्थात क्रिटिकल थिंकिङ (आलोचनात्मक सोच), कम्युनिकेशन (सञ्चार), कोल्याबरेशन (सहकार्य) र क्रियटिभिटी (सिर्जनात्मकता) मा जोड दिनुपर्नेमा सहमति जनाएको भन्दै हरारीले अब प्राविधिक सीपमा भन्दा बालबालिकालाई जीवनका सामान्य उद्देश्य पूरा गर्न आवश्यक सीपहरु दिनुपर्ने उल्लेख गरेका छन् । सन् २०५० सँगै तादात्म्यता मिलाउन हामीले मात्र नयाँ विचार र उत्पादनहरु ल्याएर मात्र हुँदैन । आगामी दिनमा परिवर्तनलाई आत्मसात गर्दै नयाँ कुरा सिक्न र अस्वभाविक अवस्थाहरुमा मानसिक सन्तुलन कायम राख्ने कुरा सबैभन्दा बढि महत्वपूर्ण हुनेछ । त्यसैले पटक-पटक आफुलाई नयाँ र परिस्कृतरुपमा तयार गर्न सक्ने शिक्षा दिनुपर्नेमा हरारीले जोड दिएका छन् ।

समग्रमा पुस्तक मार्फत हरारीले वर्तमान अवस्थामा विश्वको जल्दाबल्दा विषयहरु माथि आफ्नो वैश्विक दृष्टिकोण प्रस्तुत गरेका छन् । पुस्तकमा मानवको मूल प्रवृत्ति के हो ? त्यसमा आजको सुचना प्रविधि र जैविक प्रविधिको क्षेत्रमा भएको क्रान्तिले कस्तो प्रभाव पार्छ ? उदारवादको सीमितता के हो ? वैश्विक चुनौतिहरु के हुन् ? र त्यसलाई कसरी सामना गर्न सकिन्छ, वर्तमान राजनीतिक नेतृत्वको सीमिता के हुन् ? भोलिका पुस्तालाई आउँदै गरेका चुनौति सामना गर्न कसरी तयार गर्न सकिन्छ ? एआई र बिग डेटा अल्गोरिद्मले मानव र समाजको भविष्य के हुन सक्छ भन्ने विषयहरु समेटेको छ । पाँच भागमा बाँडिएको ३ सय ३३ पृष्ठको यस पुस्तकले वर्तमानको आलोकमा भविष्यको सम्भावना र चुनौति बुझ्न सहयोग पुऱ्याउँछ ।

## गौरिटारमा...

आफू खेलकुद पूर्वाधार निर्माणका लागि हुने समस्याका बारेमा जानकार रहेकाले त्यस विषयलाई गम्भिर ढंगबाट अघि बढाउने उहाँको भनाइ छ। खेलकुद क्षेत्रलाई राम्रोसँग बुझेकाले जिम्मेवारीमा रहेसम्म अनियमितता र ढिलासुस्ती अन्त्यका लागि प्रयत्नरत रहने उहाँको भनाइ छ ।

उहाँले खेलकुदमा निर्माण कार्य अत्यन्त सुस्त हुने गरेकाले प्रदेश सरकारले तत्काल निर्माण कम्पनीलाई उपस्थित गराएर काम छिटो सक्न निर्देशन गर्ने बताउनुभयो । प्रदेश सरकारले खलकुद क्षेत्रको विकासका लागि स्तरीय खेलकुद संरचनासँगै खेलाडी प्रोत्साहनमा समेत काम गर्ने लक्ष्य लिएको उहाँको भनाइ छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं



# शिक्षकको परीक्षामा ६७ प्रतिशत सहभागी

समाज संवाददाता

हेटौंडाः शिक्षक सेवा आयोगले शनिबार सञ्चालन गरेको निम्न माध्यमिक तहको शिक्षकको विषयगत परीक्षामा ६७ प्रतिशत परीक्षार्थी उपस्थित भएका छन्। बागमती प्रदेशबाट परीक्षा आवेदन फारम भरेर पहिलो चरणको परीक्षा उत्तीर्ण गरेका तीन हजार आठ सय ३२ जनामध्ये ६७ प्रतिशत परीक्षार्थी उपस्थित भएका हुन् ।

परीक्षामा दुई हजार छ सय पाँच जना परीक्षार्थी सहभागी भएका शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरकी शाखा अधिकृत उन्नति ढकालले जानकारी दिनुभयो । मकवानपुरको हेटौंडा उपमहानगर पालिकाका ७ वटा विद्यालयमा १५ वटा परीक्षा केन्द्र तोकिएको थियो ।

हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय मावि र भुटनदेवी मावि, हेटौंडा-५ स्थित बालज्योति मावि, हेटौंडा-२ स्थित सिद्धार्थ मावि, हेटौंडा-११ त्रिभुवन मावि, हेटौंडा-६ स्थित बंशगोपाल मावि र हेटौंडा-९ स्थित प्रगति माविमा परीक्षा केन्द्र तोकिएको थियो ।

# ३४ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल हेटौंडा उपमहानगरपालिका-४ को आयोजनामा रक्तदान कार्यक्रम भएको छ । शनिबार श्रीकृष्ण प्रणामी मन्दिरमा भएको रक्तदान कार्यक्रममा ३४ जनाले रक्तदान गरेका छन् ।

परिषद्ले कृष्ण जन्माष्टमीको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो। कार्यक्रममा ६ जना महिला र २८ जना पुरुषले रक्तदान गरेका रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो। कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।

यसैगरी आज आईतबार रोटरी क्लब अफ हेटौंडाले रक्तदान कार्यक्रमको आयोजना गर्दैछ ।

# प्रगतिशील प्राध्यापक संगठनको अध्यक्षमा थपलिया

समाज संवाददाता

हेटौंडाः नेपाल प्रगतिशील प्राध्यापक संगठन मकवानपुर बहुमुखी क्याम्पस एकाईको अध्यक्षमा शेखर थपलिया चयन हुनुभएको छ। शनिबार सम्पन्न समितिको आठौं एकाई अधिवेशनबाट थपलियाको नेतृत्वमा क्याम्पस समिति गठन भएको हो । थपलिया दोस्रो कार्यकालका लागि निर्वाचित हुनुभएको हो ।

थपलियाको अध्यक्षतामा ११ सदस्यीय समिति बनेको छ । समितिको उपाध्यक्षमा राजकुमार गौतम, सचिवमा प्रकाश पहाडी, सह-सचिवमा सरोज पौडेल र कोषाध्यक्षमा निरञ्जन सिग्देल चयन हुनुभएको छ। यस्तै सदस्यहरुमा संरक्षिका थापा, मानिषा गौतम, श्याम किशोर साह, रामशरण पौडेल, प्रदीप उप्रेती र सुरेश रेग्मी चयन हुनुभएको छ। समितिमा दुई जना सदस्य मनोनित हुने नवनिर्वाचित सचिव पहाडीले बताउनुभयो । उहाँका अनुसार समितिले क्याम्पस प्रशासनलाई सहयोग गरी प्राध्यापकहरुको हकहितमा काम गर्नेछ । नयाँ कार्यसमितिको कार्यकाल ३ वर्षको हुनेछ ।

# बारामा १३ जना जुवाडे पक्राउ

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय बाराले जुवा तास खेल्ने १३ जनालाई पक्राउ गरेको छ । शुक्रबार दिउँसो ३ बजेर ३० मिनेटको समयमा विशेष सुचनाको आधारमा खटिएको प्रहरी टोलीले महागढीमाई नगरपालिका-१, बरियारपुर स्थित मोतिलाल प्रसादको घरमा छापा पारी १३ जना जुवाडेलई पक्राउ गरेको हो।

पक्राउ पर्नेहरुमा महागढीमाई नगर पालिका-१ का ५६ वर्षीय राजेन्द्र साह कानु, ४३ वर्षीय मनोज प्रसाद कुशवाहा, ५० वर्षीय विनोद प्रसाद, ५३ वर्षीय मोतिलाल प्रसाद, ६० वर्षीय जतिकर हुसेन, ४० वर्षीय मोतिलाल प्रसाद कुशवाहा, ४३ वर्षीय राजु प्रसाद कुशवाहा, ५० वर्षीय अच्छेलाल महतो र ५९ वर्षीय कस्तुरी साह रहेका छन् ।

यस्तै सोही नगरपालिका वडा नम्बर २ का ३८ वर्षीय राजकिशोर प्रसाद कुशवाहा, ४१ वर्षीय जितेन्द्र तिवारी, सुवर्ण गाउँपालिका-२ का ४८ वर्षीय सुकदेव प्रसाद यादव र वडा नम्बर ८ का ३५ वर्षीय मुस्ताक खान पठान रहेको बारा प्रहरीले जनाएको छ । प्रहरीले उनीहरुको साथबाट १ लाख ७१ हजार २ सय ८० रूपैयाँ बरामद गरी थप अनुसन्धान सुरु गरेको जनाएको छ ।




हाम्रो सुमो सेवाको
नयाँ प्रस्तुती...
छिट्टै सञ्चालनमा आउँदै ।
Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा

२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।
हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-बीरगन्ज-हेटौंडा
साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।
भेष खड्गी, सञ्चालक
हाम्रो सुवो सेवा
हेटौंडा-४, मेनरोड (बलराम द्वास एण्ड सन्स पेट्रोल पम्प नजिकै)
९८४५४-५७५०७, ९८५५०६८८७३
सम्पर्क
हेटौंडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)
ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)
मुख्य कार्यालय हेटौंडा
०५७-५९१०४०

# भदौ २९ गतेदेखि वडास्तरीय टी-२० क्रिकेट



समाज संवाददाता

हेटौँडाः हेटौँडा-८ कमानेमा वडास्तरीय टी-२० क्रिकेट प्रतियोगिता हुने भएको छ । नेकपा एमाले ८ नम्बर वडा कमिटीको सहयोग तथा नेपाल खेलकुद महासंघ वडा कमिटीको आयोजनामा यही भदौ २९ गतेदेखि ५ गतेसम्म वडास्तरीय टी-२० क्रिकेट प्रतियोगिता हुने भएको हो । शनिबार पत्रकार सम्मेलनको आयोजना गर्दै प्रतियोगिताका संयोजक धर्मराज पुडासैनीले चन्द्रोदय माध्यमिक विद्यालयको खेलमैदानमा प्रतियोगिता हुने जानकारी दिनुभएको छ ।

युवा पुस्तालाई स्थानीयस्तरदेखि राष्ट्रियस्तरमा पु¥याउन र वडाका खेलाडीलाई चिनाउने उद्देश्यले प्रतियोगिताको आयोजना गर्न लागेको उहाँले बताउनुभयो । सरकारी तथा गैरसरकारी संस्था र उद्योगी, व्यावसायीको सहयोगमा सञ्चालन हुन लागेको प्रतियोगितामा हेटौँडाका १९ वटै वडा, आयोजक समितिसहित २२ वटा टिमहरु सहभागी हुन सक्ने अनुमान गरिएको उहाँले बताउनुभयो । पुडासैनीको संयोजकत्वमा ३१ सदस्यीय खेल संचालन तथा व्यवस्थापन समिति र ५ वटा विभिन्न उपसमितिहरु गठन गरिएको छ । प्रतियोगितामा सहभागी हुनका लागि ५ हजार रुपैयाँ दर्ता शुल्क निर्धारण गरिएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै उत्कृष्ट मार्चपास गर्ने टिमहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । लामो सयमदेखि खेलक्षेत्रमा योग्दान पु¥याउने व्यक्तिलाई सम्मान गरिने छ । प्रतियोगिता आयोजनाका लागि ३ लाख ५० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । प्रतियोगितालाई हरेक वर्ष आयोजना गर्ने पनि संयोजक पुडासैनीले बताउनुभएको छ ।

## जोन स्मृति फुटबल

# आयोजक बी र जय मनकामना क्वार्टरफाइनल प्रवेश

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा जारी प्रथम संस्करणको जोन राना मगर स्मृति फुटबल प्रतियोगिताको चौथो दिनको खेलमा आयोजक सयपत्री युवा क्लब बी र जय मनकामना क्लब क्वार्टरफाइनलमा प्रवेश गरेको छ । शनिबार गाउँपालिका वडा-६ स्थित जोगीताल मैदानमा भएको खेलमा सयपत्री बी ले सुनादेवी एफसीलाई ८-० को फराकिलो गोल अन्तरले हराउँदै क्वार्टरफाइनलमा प्रवेश गरेको हो भने मनकामना स्वतः विजयी हुँदै क्वार्टरफाइनलमा प्रवेश गरेको हो ।

आयोजकको तर्फबाट सन्तोष थिङले पहिलो हाफमा दुई र दोस्रो हाफमा एक गोल गर्दै ह्याट्रिक पूरा गरेका छन् । यस्तै राम रुम्बा र विरोज बलले समान दुई-दुई गोल गर्दै अग्रतालाई दोब्बर बनाएका थिए । ७-० को स्थितिले पछि परेर कमजोर अवस्थामा देखिएको सुनादेवी क्लबविरुद्ध एरोन श्रेष्ठले एक गोल प्रहार गर्दै ८-० को फराकिलो अन्तरमा पु¥याएका थिए । खेलको म्यान अफ द म्याच ३ गोलकर्ता श्रेष्ठ घोषित भएका छन् । उनले नगद पुरस्कार प्राप्त गरे ।

सशस्त्र प्रहरी बलको एपीएफ क्लब र जय मनकामना क्लबबीच हुने भनिएको खेलमा एपीएफको उपस्थिति नभएका कारण मनकामना स्वत क्वार्टरफाइनलमा प्रवेश गरेको हो । पोखरामा सवारी दुर्घटना भएका कारण एपीएफका खेलाडी प्रतियोगितामा उपस्थित हुन नसकेको बताइएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल भदौ १७ गते हुनेछ । प्रतियोगितामा २१ टिमको सहभागिता रहेको छ ।

# पोखरीमा डुबेर बालिकाको मृत्यु

समाज संवाददाता

हेटौँडाः मकवानपुरको राक्सिराङ गाउँपालिकामा पोखरीमा डुबेर एक बालिकाको मृत्यु भएको छ । राक्सिराङ गाउँपालिका-६, सिलिङ्गोमा शेर बहादुर प्रजाको अन्दाजी ३ वर्षीया छोरी सुविक्षा प्रजाको पोखरीमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ । शनिबार साँझ ७ बजेको समयमा घर नजिक रहेको ट्याङ्की बनाएको पुरानो खाल्डोमा जमेको पानीमा प्रजाको छोरी डुबेर मृत अवस्थामा रहेको भन्ने खबर वडाध्यक्ष मार्फत प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरी निरीक्षकको कमाण्डमा प्रहरी खटिएको बताइएको छ ।

# नियमित सन्ध्यामा तुल्सी थापालाई सम्झँदै

समाज संवाददाता

हेटौँडाः साहित्य संगम मकवानपुरले ३४६औं नियमित साहित्य सन्ध्याको अवसरमा तुल्सी थापालाई स्मरण गरिएको छ । गत वर्ष भदौ ८ गते थापाको निधन भएको थियो ।

शनिबार सिस्नुपानी-साहित्य संगमको सभाकक्षमा आयोजित कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले तुल्सी थापाको व्यक्तित्व र योगदानका बारेमा चर्चा गर्नुभएको थियो । तुल्सी थापाको व्यक्तित्व, शिक्षा क्षेत्र र चेपाङ समुदायमा पु¥याउनु भएको योगदानसँगै साहित्यिक जीवनको बारेमा निमेष निखिलले चर्चा गर्नुभयो । नाटक, कथा, कविता र अनुवादको क्षेत्रमा थापाले पु¥याउनु भएको योगदानका बारेमा व्याख्या गर्नुहुँदै निमेष निखिलले भन्नुभयो, "तुल्सी थापाले दाना कवितालाई नयाँ विधाको रुपमा स्थापित गर्नुभयो ।"

तुल्सी थापाले अनुवादको क्षेत्रमा पु¥याउनु भएको योगदानको कमै चर्चा हुने गरेको निखिलले बताउनुभयो । थोरै तर गुणात्मक लेखन, मौलिक लेखनबाट तुल्सी सर चिनिनु हुने निखिलले स्पष्ट पार्नुभयो । तुल्सी थापाका दाना कवितालाई विकास र विस्तार गर्न सके उहाँप्रति सच्चा सम्मान हुने निखिलको दावी थियो । कार्यक्रममा तुल्सी थापाकी बहिनी बेली थापाको पनि उपस्थिति रहेको थियो ।

साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको अध्यक्षता तथा साहित्यकार तुलसी घिमिरेको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । नियमित सन्ध्याकै अवसरमा संगमले स्थापना गरेको अक्षयकोषमा पाँच हजार रुपैयाँ भन्दा बढी रकम सहयोग गर्ने २८ जनालाई सम्मान गरिएको थियो । संगमले स्थापना गरेको अक्षयकोषमा छ लाख ५० हजार रुपैयाँ संकलन भएको अध्यक्ष बर्तौलाले जानकारी दिनुभएको छ ।

नियमित सन्ध्यामा रचना वाचन गर्नुहुने साहित्यकारहरुले तुल्सी थापाप्रति नै समर्पण व्यक्त गरेका थिए ।

# बकैया ९ ए साइड फुटबलको उपाधि हात्तीसुँडे ए लाई

समाज संवाददाता

हेटौंडाः सिमातमाई डाँफे युवा क्लबको आयोजनामा बकैया गाउँपालिकामा भएको ९ ए साइड फुटबल प्रतियोगिताको उपाधि हात्तीसुँडे ए ले जितेको छ । शनिबार वडा नम्बर ५ स्थित भडौरामा भएको फाइनल खेलमा हात्तीसुँडे बी टिमलाई ४-२ गोलले हराउँदै ए टिमले उपाधि जितेको हो ।

हात्तीसुँडे ए टिमलाई जित दिलाउन सुजन गुरुङ, अभिषेक भोलन, विजय दोङ र किरण छुमीले एक-एक गोल गरे । बी टिमका लागि ओम धामीले दुई गोल गरे पनि टोलीलाई हारबाट जोगाउन भने सकेनन् ।

जितसँगै हात्तीसुँडे ए ले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता बी टिमले १५ हजार रुपैयाँमा चित्त बुझाएको छ । विजेता र उपविजेता टिमलाई नेपाली कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले पुरस्कार वितरण गर्नुभयो । क्लबका अध्यक्ष अर्जुन खड्काको सभाध्यक्षतामा भएको प्रतियोगिता समापन कार्यक्रममा बकैया-५ की वडाध्यक्ष लक्ष्मी जिम्बा र पालिका खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङको उपस्थिति रहेको थियो ।

# शिक्षकका लागि संस्मरण लेखन कार्यशाला

समाज संवाददाता

हेटौँडाः नेपाल निवृत्त शिक्षक समाज मकवानपुर तथा शकुन्तला ढुङ्गेल स्मृति कोषको संयुक्त आयोजनामा शनिबार हेटौँडामा निवृत्त शिक्षकहरूका लागि संस्मरण तथा यात्रा संस्मरण लेखन कार्यशाला सम्पन्न भएको छ ।

यात्रा संस्मरणकार रमेशमोहन अधिकारीले सहजीकरण गर्नुभएको कार्यशालामा हेटौँडा, गढी, बकैया तथा वाग्मती पालिकाका १९ जनाको सहभागिता रहेको थियो । स्वदेशको यात्रा संस्मरण लेख्ने सहभागीहरूले गोसाईंकुण्ड, मनाङ, इलाम, पाथीभरा, बुटवल, पोखरा, गोरखाको र विदेशयात्राका बारेमा लेख्ने सहभागीहरुले भारत, जापान तथा अस्ट्रेलिया यात्राका बारेमा लेखेका छन् । केही सहभागीले भने संस्मरण मात्र लेखेका छन् ।

उद्घाटन, सहजीकरण, लेखन तथा समापन गरी चार चरणमा सम्पन्न सो कार्यक्रमको सञ्चालन कवि चेतप्रसाद पौडेलले, स्वागत सुभद्रा लामिछानेले, सभाध्यक्षता नेपाल निवृत्त शिक्षक समाज मकवानपुरका अध्यक्ष सीताराम दाहालले गर्नुभएको थियो भने मन्तव्य जिसस सदस्य खड्कबहादुर पुलामीले व्यक्त गर्नुभएको थियो । कवि जनार्दन खनालले तत्काल रचित यात्राकविता सुनाउनुभएको थियो भने कार्यक्रमको प्रमुख आतिथ्य सोही संस्थाका केन्द्रीय सचिव अभिमन्यु गौतमले गर्नुभएको थियो । कार्यक्रम सिद्धार्थ माविको सभाकक्षमा भएको थियो ।

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौँडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

# हटिया स्पोर्टस् एकेडेमीलाई नगद र खेल सामग्री प्राप्त



हटिया एकेडेमीका अध्यक्ष छवी सुवेदीलाई जर्सी हस्तान्तरण गर्नुहुँदै एम्बिसन गुरुका सचिव होम नेपाली ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१७, हटियास्थित हटिया स्पोर्टस् एकेडेमीलाई नगद र खेल सामग्री प्राप्त भएको छ । जिल्ला लिग फुटबलको तयारीमा रहेको एकेडेमीका अध्यक्ष छवि सुवेदीले शनिबार एकेडेमीलाई आवश्यक पर्ने खेल सामग्री र केही नगद प्राप्त भएको जानकारी दिनुभएको छ ।

एकेडेमीलाई शनिबार शिवम् सिमेन्ट प्रालिले ५० हजार रुपैयाँको २५ सेट बुट प्रदान गरेको छ । एक सेट बुटको दुई हजार मूल्य पर्ने २५ सेट बुट प्राप्त भएको अध्यक्ष सुवेदीले बताउनुभयो । यस्तै शनिबार काठमाडौंस्थित लोकसेवा तयारी कक्षा टिम एम्बिसन गुरु संस्थाले एकेडेमीलाई प्रिन्टसहितको २५ हजार रुपैयाँ बराबरको २५ सेट जर्सी सहयोग गरेको छ । टिमका सदस्य एवम् एकेडेमीका सचिवसमेत रहनुभएका होम नेपालीले एकेडेमीका अध्यक्ष सुवेदीलाई जर्सी हस्तान्तरण गर्नुभएको छ ।

यस्तै वडा निवासी प्रदीप अर्यालले एकेडेमीलाई ३ वर्षका लागि अडिट खर्च वापत २५ हजार रुपैयाँ प्रदान गर्नुभएको छ । हाल कतारमा रहनुभएका वडा निवासी दीपक श्रेष्ठले ११ हजार एक सय ११ रुपैयाँ, व्यवसायी राजकुमार गोलेले पाँच हजार रुपैयाँ, शंकर राउतले पाँच हजार पाँच सय ५५ रुपैयाँ र सुशान्त श्रेष्ठले जुराफ खरिदका लागि छ हजार रुपैयाँ प्रदान गर्नुभएको अध्यक्ष सुवेदीले बताउनुभयो ।

एकेडेमीलाई लिग खेल्नका लागि करिब ३ लाख रुपैयाँ खर्च लाग्न सक्ने अध्यक्ष सुवेदीको अनुमान छ । अहिले सबै खेलप्रेमीले एकेडेमीलाई सहयोग गरिरहेको बताउनुहुँदै उहाँले आवश्यकताभन्दा बढी भने रकम नउठाउने बताउनुभयो । खर्चलाई सामाजिक सञ्जालमार्फत पारदर्शितापूर्वक सार्वजनिक गरिरहेको उहाँले बताउनुभयो । एकेडेमीले आगामी भदौ १४ गतेबाट सुरु हुने मकवानपुर जिल्ला फुटबल लिग प्रतियोगिताको तीव्र तयारी गरिरहेको अध्यक्ष सुवेदीको भनाई छ । एकेडेमीका सदस्य एवम् डी ग्रेड लाइसेन्स प्राप्त महेश गोङ्बाले प्रशिक्षकको भूमिका निर्वाह गरिरहनुभएको छ ।

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)

BSc. CSIT
BCA
BBS
TU Affiliate
BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ